पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, माघ २९ गते, २०८२ साल (संख्या ७

## भाग १

## पोखरा महानगरपालिकाको विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८२

**प्रस्तावनाः** वस्तु तथा सेवाको प्रचार प्रसार गरी बजार प्रवर्द्धन गर्न गरिने विज्ञापन तथा तत्सम्बन्धी व्यवसायलाई नियमन गर्न र विज्ञापन करको संकलन प्रक्रियालाई व्यवस्थित गर्न बाञ्छनीय भएको ले, स्थानीय सरकार सञ्चालान ऐन, २०७४ को दफा ११(घ) १ को अधिकार र सोही ऐनको दफा १०२(१) बमोजिम पोखरा महानगरपालिकाको, नगर सभा सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "पोखरा महानगरपालिकाको विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “आर्थिक ऐन” भन्नाले पोखरा महानगरपालिकाले सालबसाली रुपमा जारी गर्ने आर्थिक ऐन सम्झनुपर्छ।

(ख) “कर“ भन्नाले पोखरा महानगरपालिकाको आर्थिक ऐन बमोजिम लगाइने विज्ञापन कर सम्झनुपर्छ।

(ग) “परिचयपाटी” भन्नाले दफा ४२ बमोजिम व्यापार व्यवसाय वा कार्यालय रहेको स्थानको बारेमा जानकारी दिन राखिने सुचना बोर्डलाई जनाउँछ।

(घ) प्रदेश भन्नाले गण्डकी प्रदेश सम्झनुपर्छ।

(ङ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले पोखरा महानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्नेछ।

(च) महानगरपालिका भन्नाले पोखरा महानगरपालिकालाई सम्झनुपर्छ।

(छ) “विज्ञापन” भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा छापा, होर्डिङ बोर्ड, बेलुन, वा कुनै संरचना लगायत जुनसुकै माध्यमबाट सार्वजनिक रुपमा प्रचार, प्रसार वा प्रदर्शन गरिएको वा प्रचार, प्रसार वा प्रदर्शन गर्ने उद्देश्यले तयार गरिएको शब्द, वाक्य, चित्र, बोर्ड तस्विर, सङ्केत, पोष्टर, पर्चा, प्रकाश, चिन्ह, संरचना वा जुनसुकै किसिमको श्रव्य, दृश्य वा श्रव्यदृश्य सामग्री  सम्झनुपर्छ र सो शब्दले बाह्य विज्ञापन र सूचना समेतलाई जनाउँछ।

(ज) “विज्ञापन एजेन्सी“ भन्नाले विज्ञापनको उत्पादन, वितरण वा विज्ञापन सम्बन्धी व्यवसाय गर्ने गरी प्रचलित कानून बमोजिम स्थापना भएका फर्म, संस्था वा कम्पनी सम्झनुपर्छ।

(झ) “विज्ञापन बोर्ड” भन्नाले संघीय ऐनको दफा १४ बमोजिम गठित विज्ञापन बोर्ड सम्झनुपर्छ।

(ञ) “विज्ञापन दाता“ भन्नाले आफ्नो पक्षबाट विज्ञापन प्रकाशन, प्रसारण गर्न वा विज्ञापन राख्न लगाउने वा विज्ञापन गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ।

(ट) समिति भन्नाले दफा २३(१) बमोजिमको विज्ञापन अनुगमन समिति सम्झनुपर्छ।

(ठ) “होडिङ्ग बोर्ड” भन्नाले विज्ञापन प्रदर्शनको लागि राखिएको वा राखिने साधन सम्झनु पर्छ र सो शब्दले डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियान साइन, प्रोजेक्टर, स्टल डिस्प्ले, सवारी साधन वा यस्तै अन्य प्रविधि वा प्रकारका वाह्य विज्ञापनको माध्यम  सम्झनुपर्छ र सो शब्दले बाह्य विज्ञापन गर्ने प्रयोजनका लागि निर्माण गरिएका संरचना समेत जनाउँदछ।

## परिच्छेद–२

## अनुमति सम्बन्धी व्यवस्था

३. **विज्ञापन गर्न सकिनेः–** कुनै पनि फर्म, व्यवसाय, संघ, संस्था, एजेन्सी तथा निकायले यस ऐन बमोजिम आवश्यक अनुमति लिएर पोखरा महानगरपालिका क्षेत्र भित्र नियमानुसार विज्ञापन

गर्न सकिने छ।

४. **अनुमति पत्र नलिई बाह्य विज्ञापन गर्न नहुने:** कसैले पनि यस ऐन बमोजिम अनुमति पत्र नलिई पोखरा महानगरपालिका क्षेत्र भित्र देखिने गरि सार्वजनिक स्थलमा बाह्य विज्ञापन गर्न वा गराउने प्रयोजनका लागि कुनै संरचना वा होर्डिङ्ग वोर्ड राख्न वा राख्न लगाउन हुदैन।

५. **विज्ञापन सामाग्री राख्न निवेदन दिनुपर्ने:** (१) कुनैपनि वस्तु, सेवा वा अन्य कुनै कुराको प्रचार प्रसारको लागि महानगरपालिकाको क्षेत्रमा विज्ञापन राख्नुपूर्व विज्ञापनदाताले देहायका विवरणहरु खुलाई अनुसुची १ बमोजिमको ढाँचामा महानगरपालिकामा निवेदन दिनुपर्नेछः-

(क) विज्ञापन रहने स्थानः वडा, मार्ग, पथ, घर नं.(नजिकको घर नं.),

(ख) विज्ञापन रहने घर वा जग्गा धनीको तीनपुस्ते खुलेको नाम, थर र ठेगाना,

(ग) विज्ञापन सम्वद्ध व्यक्ति, उत्पादक, संघ, संस्था, फर्म, एजेन्सीको नाम र ठेगाना,

(घ) विज्ञापनको आकार, प्रकार, बनोट, प्रकृति, र संख्या

(ङ) विज्ञापन सामाग्री राख्ने अवधि,

(च) तत्काल विज्ञापन गर्ने वस्तु वा सेवाको प्रकृति,

(छ) महानगरपालिकाले तोकेका अन्य आवश्यक कुराहरु।

(२) होर्डिङ बोर्डको हकमा उपदफा (१) बमोजिमको निवेदनसाथ होर्डिङ बोर्ड रहने घर वा जग्गाको स्वामित्वकर्ताको जग्गाधनी दर्ता प्रमाण-पूर्जा वा यस्तै अधिकारपत्र वा वहाल सम्झौतापत्र र घरको हकमा निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुमतिका लागि निवेदन पर्न आएमा निवेदन उपर आवश्यक जाँचबुझ गरी अनुमति दिन मनासिव देखिएमा महानगरपालिकाले पन्ध्र दिनभित्र अनुसूची-२ बमोजिम अनुमतिपत्र प्रदान गर्नुपर्नेछ ।त्यसरी अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्रमा उल्लिखित अवधि समाप्त भएपछि त्यस्तो विज्ञापन हटाउनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाएको अवस्थामा विज्ञापन गर्न अनुमतिपत्र दिन सकिने छैनः-

(क) यस ऐन वा प्रचलित कानून प्रतिकूल हुने विज्ञापन भएमा,

(ख) सर्वसाधारणलाई आवतजावत गर्न बाधा वा असुबिधा हुने भएमा,

(ग) शहर वा स्थानको प्राकृतिक सौन्दर्यमा प्रतिकूल असर पर्ने भएमा,

(घ) धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा विश्वसम्पदा सूचीमा सूचिकृत स्थानहरुको मौलिक संस्कृति तथा प्राकृतिक सौन्दर्यमा प्रतिकूल असर पर्ने भएमा,

(ङ) सडक पेटी तथा सार्वजनिक स्थानमा प्रतिकूल असर पर्ने भएमा,

(च) विद्युत, टेलिफोन लगायतका खम्बामा त्यस्तो बोर्ड राख्ने विषयमा,

(छ) सवारी आवागमनमा असर पर्ने भएमा,

(ज) कुनै घरको झ्याल, ढोका छेकी त्यस्तो घरमा हावा र प्रकाश आउन बाधा पुग्ने भएमा,

(झ) सटर तथा भित्ते लेखनको माध्यमद्वारा गरिने विज्ञापन भएमा,

(ञ) संघीय, प्रादेशिक तथा स्थानीय कानूनमा तोकिएको अन्य ब्यवस्थाको प्रतिकूल हुने भएमा ।

६. **अनुमतिपत्र प्रदान गर्नेः** (१) दफा ५ को उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले देहायको विवरण जाचँबुझ गरी अनुमति प्रदान गर्नु पर्नेछ ।

(क) बाह्य विज्ञापन राख्ने स्थानको ठेगाना (सडक, घर तथा जग्गा),

(ख) सडक, घर तथा जग्गाको स्वामित्व भएको व्यक्तिको विवरण,

(ग) बाह्य विज्ञापनको आकार, प्रकार, गुणस्तर, बनौट र विज्ञापन राख्ने अवधि,

(घ) बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्न आवश्यक पर्ने धरौटी रकम,

(ङ) बाह्य विज्ञापन राखे बापत वार्षिक तिर्नुपर्ने अनुमतिपत्र शुल्क,विज्ञापन कर,

(च) यस पालिकाले तोकेको अन्य विवरण।

७. **सार्वजनिक स्थानमा सार्वजनिक निर्माण सहित विज्ञापन गर्ने सम्बन्धमाः** (१) विज्ञापन गर्ने उद्देश्यले कसैले महानगरपालिकाको क्षेत्रभित्र कुनै खाली सार्वजनिक स्थान वा सडकको दायाँ वायाँको जग्गामा हरियाली प्रवर्द्धन, यात्रु प्रतिक्षालय, वाटिका लगायतका सार्वजनिक संरचनाको निर्माण गरी त्यस्तो स्थानमा होर्डिङ बोर्ड वा विज्ञापन राख्न माग गरी प्रस्ताव पेश गर्न सक्नेछ ।

(२) महानगरपालिकाले उपदफा (१) बमोजिमको प्रयोजनका लागि प्रचलित कानून बमो जिम खुल्ला प्रस्ताव समेत आव्हान गर्न सक्नेछ।

(३) महानगरपालिकाले उपदफा (१) र (२) बमोजिम प्राप्त प्रस्तावमा उल्लिखित सार्वजनिक स्थलको संरक्षण एवं प्रवर्द्धन कार्यक्रम, प्रस्तावको आर्थिक तथा प्राविधिक पक्ष र लाभ-लागत समेतको विश्लेषण गरी उपयुक्त लागेमा त्यस्तो प्रस्ताव छनोट गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम छनौट भई विज्ञापन राख्न अनुमति प्राप्त गर्ने प्रस्तावकबाट उक्त स्थानमा राखिने विज्ञापन बापत आर्थिक ऐनमा तोके बमोजिमको कर असुल गर्नुपर्नेछ ।

८. **पूर्व स्वीकृति लिनुपर्नेः** कुनै व्यक्ति वा संस्थाले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारी संस्थान वा निकायको स्वामित्वमा रहेको जग्गा वा भवन प्रयोग गरी विज्ञापन राख्न चाहेमा त्यस्तो निकायको पूर्व स्वीकृति लिनुपर्नेछ।

९. **विज्ञापन गर्न नहुनेः** (१) देहायका विषयमा विज्ञापन गर्न पाइने छैनः-

(क) प्रचलित कानूनले उत्पादन, बिक्री वितरण, उपयोग वा प्रयोग गर्न निषेध गरेका कुनै वस्तु, पदार्थ वा सेवाको उत्पादन, बिक्री वितरण, उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषयमा,

(ख) जुवा खेल्न, खेलाउन वा चिठ्ठा किन्न किनाउन प्रोत्साहन गर्ने विषयमा,

(ग) अश्लिल विषय वा तत्सम्बन्धी अन्य विषय, वस्तु वा सेवाको उपयोग वा प्रयोग गर्न वा

प्रवर्द्धन गर्न प्रोत्साहन गर्ने विषयमा,

(घ) हतियार वा विस्फोटक पदार्थ वा नेपालको सुरक्षा, शान्ति र ब्यवस्थामा खतरा उत्पन्न गर्न सक्ने अन्य यस्तै वस्तु वा पदार्थको उत्पादन, बिक्री, वितरण, उपयोग वा प्रयोग गर्न प्रो त्साहन गर्ने विषयमा,

(ङ) चिकित्सकको सिफारिसमा मात्र बिक्री गरिने औषधीहरुको विषयमा,

(च) नेपालमा बिक्री, वितरण वा प्रयोगको लागि प्रचलित कानून बमोजिम अनुमति लिनुपर्नेमा त्यस्तो अनुमति प्राप्त भई नसकेको वस्तु वा सेवाको विषयमा,

(छ) विद्यालय तथा विश्वविद्यालयको पाठ्यपुस्तक,

(ज) नेपालको सार्वभौमसत्ता, भौगौलिक अखण्डता, राष्ट्रियता वा संघीय ईकाइबीचको सु-सम्बन्ध, सार्वजनिक शान्ति, सुब्यवस्था वा अन्तराष्ट्रिय सम्बन्धमा खलल पुर्याउने विषयमा,

(झ) नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान, नेपालको निशाना छाप वा त्यसको कुनै वा सबै भाग, राष्ट्रिय विभूतिको अवमूल्यन हुने विषयमा,

(ञ) राज्यद्रोह, गाली बेज्यती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने विषयमा,

(ट) सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने विषयमा,

(ठ) श्रमप्रति अवहेलना गर्न, लैङ्गिक विभेद एवं जातीय छूवाछुत तथा समुदायको सम्बन्धमा खलल पार्ने विषयमा,

(ड) निर्वाचनको स्वच्छतामा प्रतिकूल असर पार्ने विषयमा,

(ढ) ट्रेडमार्क, पेटेण्ट, डिजाइन लगायतका औद्योगिक सम्पत्तिको हकवालाको अनुमति वा स्वीकृति बिना त्यस्तो औद्योगिक सम्पत्तिको प्रयोग गर्ने विषयमा,

(ण) भ्रम वा अफवाह फैलाउने, उत्तेजना फैलाउने, स्वदेशी उत्पादनलाई निरुत्साहित गर्ने किसिमको शब्द, दृश्य एवं संकेतको प्रयोग गर्ने विषयमा,

(त) कानून बमोजिम गोप्य राख्नुपर्ने विषयमा,

(थ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले राजपत्रमा प्रकाशित गरी विज्ञापन गर्न रोक  लगाएका विषयमा,

(द) प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेका विषयमा।

१०. **विज्ञापन गर्न निषेधित क्षेत्र घोषणा गर्न सक्नेः** (१) महानगरपालिकाले कुनै धार्मिक, सांस्कृतिक वा पुरातात्विक स्थल, शैक्षिक वा स्वास्थ्य संस्था वा त्यस्तो स्थल वा संस्थाबाट देखिने निश्चित दुरी भित्र तथा सडक सुरक्षा समेतलाई मध्यनजर गरी सार्वजनिक सडकको दुवै किनारादेखि  महानगर कार्यपालिकाको निर्णय बमोजिम निश्चित दुरी सम्म सबै प्रकार वा विषयका वा कुनै खास प्रकार वा विषयमा विज्ञापन गर्न नपाउने गरी विज्ञापन निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ। त्यसरी निषेधित क्षेत्र घोषणा गरेको सूचना स्थानीय राजपत्रमा प्रकाशन

गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निषेधित क्षेत्रमा कसैले कुनै विज्ञापन राखेमा आर्थिक ऐनमा तोकिएको जरिवाना बुझाउँन तथा तत्काल त्यस्तो विज्ञापन हटाउन महानगरपालिकाले निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको जरिवाना नबुझाएमा वा निर्देशन पालना नगरेमा महानगरपालिकाले त्यस्ता विज्ञापन सामाग्री जफत गरी, उपदफा (२) बमोजिमको जरिवाना असुल उपर गर्नेछ।

## परिच्छेद–३

## बाह्य विज्ञापनको आकार र सुरक्षासम्बन्धी व्यवस्था

११. **विज्ञापनको आकार, प्रकार र बनौटः** (१) प्रचार-प्रसार गर्ने उद्देश्यले पोखरा महानगर पालिकाको क्षेत्रभित्र राखिने विज्ञापनको आकार, प्रकार र बनोट सम्बन्धी मापदण्ड पोखरा महानगरपालिकाले तोके बमोजिम हुनेछ। विज्ञापनको प्रकृति र मापन इकाई अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) समितिले निरीक्षणको क्रममा उपदफा (१) बमोजिमको मापदण्ड वा अनुमति लिएको भन्दा फरक प्रकृति र आकारको विज्ञापन राखेको व्यहोराको प्रतिवेदन दिएमा महानगर पालिकाले विज्ञापनको स्वामित्वकर्तालाई आर्थिक ऐनमा तोकिएको जरिवाना बुझाउन र पन्ध्र दिनभित्र विज्ञापन लाई हटाउन निर्देशन दिनेछ।

(३) उपदफा (२) बमोजिमको समयभित्र जरिवाना नबुझाई विज्ञापन नहटाएमा महा नगर पालिकापालिकाले उक्त विज्ञापन जफत गरी उपदफा (२) बमोजिमको जरिवाना असुल उपर गर्नेछ। र सो संरचना हटाउँदा लागेको खर्च सम्बन्धित स्वामित्वकर्ताबाट असुल उपर गरिनेछ ।

१२. **होर्डिङ बोर्डको सुरक्षासम्बन्धी व्यवस्थाः–** (१) दफा ६ बमोजिम अनुमतिपत्र प्रदान गर्ने अधिकारीले अनुमतिपत्र प्रदान गर्नु अघि देहायको विषयमा ध्यान दिई अनुमतिपत्र प्रदान गर्नुपर्दछः-

(क) होर्डिङ्ग बोर्ड राख्ने स्थानको भौतिक संरचना,

(ख) होर्डिङ्ग बोर्डको आकार, प्रकार,

(ग) घर, भवन तथा पूर्वाधारको भार वहन क्षमता।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्र बमोजिम होर्डिङ्ग बोर्ड वा संरचना निर्माण गर्नु पर्दछ।

(३) होर्डिङ्ग बोर्ड वा संरचना निर्माण भएपछि प्राविधिक निरीक्षण गराई प्राप्त निरीक्षण प्रतिवेदनको आधारमा मात्र विज्ञापन राख्ने अनुमतिपत्र प्रदान गरिने छ।

१३. **<u>होर्डिङ वोर्ड दर्ता गर्नुपर्नेः</u>** (१) यस ऐन बमोजिम होर्डिङ बोर्ड दर्ता गर्न परेका निवेदन उपर जाँचबुझ गरी होर्डिङ वोर्डको दर्ता गर्न मिल्ने देखिएमा आर्थिक ऐनमा तोकिएको कर अग्रीम रुपमै असुल गरी महानगरपालिकाले अनुसूची-४ बमोजिम होर्डिङ वोर्डको दर्ता गरी अनुसूची-५ बमोजिम होर्डिङ वोर्ड दर्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ।

(२) होर्डिङ वोर्ड दर्ता प्रमाणपत्र हराएमा वा नष्ट भएमा सम्बन्धित विज्ञापनदाताले आर्थिक ऐनमा तोकिएको शुल्क बुझाई प्रतिलिपि प्रमाणपत्र माग गरी महानगरपालिकामा निवेदन दिन सक्नेछ।यसरी प्रतिलिपि प्रमाणपत्र माग भई निवेदन पर्न आएमा महानगरपालिकाले अभिलेख भिडाई प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक वर्षभन्दा कम अवधिको लागि राखिने होर्डिङ वोर्डको हकमा छुट्टै दर्ता प्रमाणपत्रको सट्टा अनुसूची-२ बमोजिमको अनुमतीपत्र मात्र उपलब्ध गराइनेछ।

(४) यस ऐन बमोजिम होर्डिङ बोर्ड दर्ता नगरी कुनै व्यक्तिले विज्ञापन गरेमा आर्थिक ऐनले तोकेको जरिवाना बुझाई पन्ध्र दिनभित्र होर्डिङ बोर्ड दर्ता गर्न महा नगरपालिकाले सम्बन्धित होर्डिङबोर्डको स्वामित्वकर्तालाई निर्देशन दिनेछ।

(५) उपदफा (४) बमोजिम निर्देशन दिदाँ पनि तोकिएको अवधिभित्र होर्डिङ बोर्ड दर्ता नगरेमा महानगरपालिकाले उपदफा (४) मा तोकेको जरिबानाको दोब्बर जरिवाना बुझाई एक महिनाभित्र बोर्ड दर्ता गर्न बोर्डको स्वामित्वकर्तालाई पुनः निर्देशन दिनेछ।

(६) उपदफा (५) बमोजिम दिइएको थप म्यादभित्र पनि होर्डिङ वोर्ड दर्ता नगरेमा महानगर पालिकाले होर्डिङ वोर्ड जफत गरी उपदफा (५) बमोजिमको जरिवाना असुल उपर गर्नुपर्नेछ।

१४. **<u>दर्ता नम्वर राख्नुपर्नेः</u>** (१) होर्डिङ बोर्डहरु दर्ता गरी बोर्डको माथिल्लो भागमा दायाँ तर्फ दर्ता नं. स्पष्ट देखिने गरी उल्लेख गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता नम्वर राखेको नपाइएमा समितिले पन्ध्र दिनभित्र दर्ता नम्वर राख्न निर्देशन दिनेछ। सो अवधिमा समेत दर्ता नम्वर नराखेमा समितिको प्रतिवेदन बमोजिम महानगरपालिकाले त्यस्ता बोर्डहरु जफत गर्न सक्नेछ ।

१५. **<u>हाल कायम रहेको होर्डिङ वोर्डहरु नियमित गर्नुपर्नेः</u>** (१) यो ऐन लागू हुनुपूर्व महानगर पालिका क्षेत्रभित्र राखिएका विज्ञापन सामाग्री तथा होर्डिङ वोर्डको स्वामित्वकर्ताले यस ऐन तथा नगर कार्यपालिकाले तोकेको मापदण्ड बमोजिम विज्ञापन सामाग्री तथा होर्डिङ वोर्डहरु नियमित गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम नियमित गर्नको लागि महानगरपालिकाले प्रथम पटकको लागि साठी (६०) दिनको म्याद दिई स्थानीय राजपत्रमा सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको म्यादभित्र होर्डिङ वोर्ड नियमित नगरेमा महानगर पालिकाले त्यस्ता विज्ञापनलाई जफत गर्नेछ।

१६. **<u>होर्डिङ बोर्डको नवीकरण गर्नुपर्नेः</u>** (१) यस ऐन बमोजिम अनुमति प्राप्त होर्डिङ बोर्ड प्रत्येक वर्षको लागि आर्थिक ऐनमा तोके बमोजिमको कर तथा अन्य दस्तुरहरु अग्रीम रुपमा बुझाई नवीकरण गर्नुपर्नेछ।

(२) होर्डिङ वोर्डको स्वामित्वकर्ताले पौष मसान्त भित्र नवीकरण गरिसक्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम म्याद भित्र नवीकरण नगर्ने विज्ञापनदाताले चैत्र मसान्त भित्र आर्थिक ऐनमा तोकिए बमोजिम नवीकरण शुल्क र जरिवाना शुल्क बुझाई नवीकरण गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम नवीकरण नगरेमा महानगरपालिकाले त्यस्ता होर्डिङ बोर्ड वा सामाग्री हटाउँन वा जफत गर्न वा नष्ट गर्न सक्नेछ। यस ऐन बमोजिम जफत गरिएका सामाग्रीहरु महानगरपालिकाले प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्नुपर्नेछ।

(३) कर नतिरी राखेको वा तोकिएको समयभित्र नवीकरण नगरिएका होर्डिङ बोर्ड वा सामाग्री हटाउने, जफत गर्ने वा नष्ट गर्नु अघि महानगरपालिकाले पन्ध्र दिनको सूचना सम्बन्धित विज्ञापन सामाग्री वा बोर्डका स्वामित्वकर्तालाई दिनुपर्नेछ।

१७. **<u>होर्डिङ बोर्ड स्थापना गर्दा पर्याप्त सुरक्षा ब्यवस्था मिलाउनु पर्नेः</u>** (१) महानगरपालिकाले तोकेको स्थानमा होर्डिङ बोर्ड स्थापना गर्न अनुमति पाएको होर्डिङ बोर्डको स्वामित्वकर्ताले उक्त बोर्ड राख्दा पर्याप्त सुरक्षाको ब्यवस्था मिलाउनु पर्नेछ।

(२) होर्डिङ बोर्डको सुरक्षा ब्यवस्था सम्बन्धमा महानगरपालिकाले निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ। यसरी दिएको निर्देशन पालना गर्नु सम्बन्धित होर्डिङ बोर्डको स्वामित्वकर्ताको दायित्व हुनेछ।

१८. **<u>होर्डिङ बोर्डको नामसारी, ठाउँसारी तथा दर्ता खारेजीको लागि अनुमति लिनुपर्नेः</u>** (१) होर्डिङ बोर्डको नामसारी, ठाउँसारी र दर्ता खारेजी गर्न चाहने विज्ञापनदाताले कर चुक्ता गरी महानगरपालिकामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा लिने दिने व्यक्तिको सम्झौतापत्र वा करारनामा, ठाउँसारी गर्ने घरधनी वा जग्गाधनी सँगको सम्झौतापत्र समेत अध्ययन गरी लिने दिने दुबै पक्षको रोहवरमा महानगरपालिकाले आर्थिक ऐनमा तोकिएको शुल्क लिई होर्डिङ बोर्डको स्वामित्व र विवरण अद्यावधिक गरी होर्डिङ बोर्डको दर्ता प्रमाणपत्रमा सो कुरा उल्लेख गरिदिनु पर्नेछ।

(३) होर्डिङ बोर्ड एकपटक दर्ता गरिसकेपछि बोर्डको दर्ता खारेजी नगरेसम्म प्रचलित दर अनुसार कर तिर्ने दायित्व होर्डिङ बोर्डको स्वामित्वकर्ताको हुनेछ। होर्डिङ बोर्डमा विज्ञापन सामाग्री नलगाएको वा प्रदर्शन नगरेको कारणले मात्र करमा कुनै छुट हुनेछैन।

१९. **<u>होर्डिङ बोर्डको कर निर्धारणका आधारः</u>** होर्डिङ बोर्डको माध्यमबाट गरिने विज्ञापनमा विज्ञापनको प्रकृति, बोर्डको साइड (एक साइड/दुबै साइड), अवधि, क्षेत्रफल, राखिने

स्थान, प्रयोग भएको आकृति समेतलाई आधार मानी कर निर्धारण गरिनेछ।

२०. **प्राविधिकबाट उपयुक्तताको सिफारिस**ः (१) महानगरपालिकाले तोकेको निश्चित वर्गफुट भन्दा ठूला आकारका होर्डिङ बोर्ड कुनै व्यक्ति वा संस्थाको निजी घर, कौसी, छत वा जग्गामा वा सार्वजनिक स्थानमा राखिने भएमा उक्त बोर्ड दर्ता गर्नुपूर्व सो प्राविधिक हिसावले ठीक भए/नभएको नेपाल इन्जिनियरिङ्ग परिषद् बाट इजाजतपत्र लिएका प्राविधिकमध्येबाट दफा १० मा उल्लेख भएको बिषयको समेत मध्येनजर गरि उपयुक्तताको सिफारिसका आधार मा दर्ता गर्नुपर्ने ब्यवस्था गर्न सक्नेछ।

(२) उपदफा(१) बमोजिम सिफारिस गर्दा आवश्यक पर्ने विवरण महानगरपालिकाले तोके बमोजिम हुनेछ।

२१. **होर्डिङ बोर्डको अनुमतिपत्र दिन नसकिने अवस्थाः-** देहायको अवस्थामा होर्डिङ्ग बोर्डको अनुमतिपत्र प्रदान गरिने छैन।

(क) ऐनको दफा ५(४) को व्यवस्थासँग बाझिएको अवस्थामा

(ख) ऐनको दफा ९ को व्यवस्थासँग बाझिएको अवस्थामा,

(ग) ऐनको दफा १० को व्यवस्थासँग बाझिएको अवस्थामा,

(घ) ऐनको दफा ११(१) क,ख,ग बमोजिमको तोकिएको मापदण्ड पुरा नभएको अवस्थामा

(ङ) ऐनको दफा २० अनुसार प्राविधिक सिफारिस भई नआएमा।

२२. **डिजिटल डिस्प्ले बोर्ड सम्बन्धी बिशेष व्यवस्थाः-**(१) महानगरपालिका भित्र निर्माण गरिने डिजिटल डिस्प्ले बोर्डलाई व्यवस्थित गर्न नगर कार्यपालिकाले आवश्यक मापदण्ड वा कार्यविधी तर्जुमा गरि लागू गर्न सक्नेछ। यस ऐन लागु हुनु पुर्व पालिका भित्र निर्माण भएका डिजिटल डिस्प्ले बोर्डले आवश्यक मापदण्ड पुरा गरेको अवस्थामा यसै ऐन बमोजिम भए सरह ठानी अद्यावधिक गरि अभिलेख राख्नु पर्नेछ।

(२) दफा ४२ बमोजिमको परिचय पाटीको व्यवस्था डिजिटल डिस्प्ले बोर्डको हकमा लागु हुने छैन।

## परिच्छेद -४

## अनुगमन समितिको गठन र काम कर्तव्य र अधिकार

२३. **विज्ञापन अनुगमन समितिः** (१) महानगरपालिकाको क्षेत्रभित्र रहेका विज्ञापनको अनुगमन गर्न देहाय बमोजिमको एक विज्ञापन अनुगमन समिति रहनेछः-

(क) नगर प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको महाशाखा प्रमुख - सदस्य

(ग) राजस्व महाशाखा प्रमुख - सदस्य

(घ) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

(ङ) निरिक्षण शाखा प्रमुख वा निजले तोकेको प्रतिनिधी - सदस्य

(च) पोखरा/लेखनाथ उद्योग वाणिज्य संघको प्रतिनिधी - सदस्य

(छ) राजस्व महाशाखाको अधिकृत - सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुँनेछ।

२४. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित विज्ञापनदाता वा विज्ञापन एजेन्सीले यस ऐन तथा प्रचलित कानूनले तोके को विज्ञापनको मापदण्ड पालना गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने,

(ख) खण्ड (क) बमोजिम अनुगमन गर्दा यस ऐन तथा प्रचलित अन्य कानूनको विपरित भए गरेको पाइएमा उक्त विज्ञापन संशोधन गर्न, हटाउन, बन्द गर्न वा अन्य आवश्यक कारवाहीको लागि महानगरपालिकामा सिफारिस सहित प्रतिवेदन गर्ने,

(ग) अनधिकृत रुपमा कर छली गरी विज्ञापन गरेको तथा होर्डिङ बोर्ड राखेको पाइएमा प्रचलित कानून बमोजिम कारवाहीको लागि महानगरपालिकामा सिफारिस गर्ने,

(घ) विज्ञापनलाई व्यवस्थित र नियमन गर्न अनुगमन सम्बन्धी अन्य कार्य गर्ने।

२५. **समितिको प्रतिवेदन उपरको कारबाहीः** (१) समितिले दफा २४ को खण्ड (ख) बमोजिम विज्ञापन बन्द गर्न वा हटाउने सिफारिस सहितको प्रतिवेदनको आधारमा महानगरपालिकाले विज्ञापनको स्वामित्वकर्तालाई आर्थिक ऐन तथा प्रचलित अन्य कानूनमा तोकिएको जरि वाना बुझाउन तथा पन्ध्र दिनभित्र विज्ञापन लाई तत्काल बन्द गर्न वा हटाउन आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समयभित्र जरिवाना नबुझाई विज्ञापन बन्द नगरेमा वा नहटाएमा महा नगरपालिकापालिकाले उक्त विज्ञापन सामाग्री जफत गरी उपदफा (२) बमो जिमको जरिवाना असुल उपर गर्नेछ।

## परिच्छेद -५
## उजुरी, कसुर, सजाय, क्षतिपूर्ति र पूनरावेदन

२६. **उजुरी गर्न सक्नेः** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी स्थानीयस्तरमा सञ्चालन भएका सञ्चारमाध्यम वा होडिङ्ग बोर्डमार्फत हुने बाह्य विज्ञापन संघीय ऐन, प्रचलित कानून र यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली, मापदण्ड, विज्ञापन आचारसंहिता विपरित भएको पाईए त्यस्तो जानकारी पाउने जुनसुकै व्यक्तिले समिति समक्ष उजुरी गर्न सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम प्राप्त उजुरी उपर छानविन गर्नेछ।

(३) उपदफा (१) बमोजिम उजुरी छानविन गर्दा कसैलाई कारबाही गर्नुपर्ने देखिएमा समितिले आफै कारवाही गर्न सक्ने भए आफैले र आफ्नो अधिकार क्षेत्र नभएको विषय भए अधिकार

क्षेत्र भएको सम्वन्धित निकायमा कारवाहीको लागि लेखि पठाउनु पर्नेछ।

(४) कसैले विज्ञापन गर्दा संघीय ऐन वा सो अन्तर्गत नियमावली, आचारसंहिता, यो ऐन वा यस ऐन बमोजिम बनेको नियम वा मापदण्ड पालना गरेको नपाइएमा समितिले कारण खुलाई त्यस्तो विज्ञापन संशोधन गर्न वन्द गर्न वा हटाउन आदेश दिनेछ र त्यस्तो आदेश भएमा त्यसको पालना गर्नु सम्वन्धित पक्षको कर्तव्य हुनेछ।

(५) उपदफा (४) बमोजिमको आदेशको कसैले अवज्ञा गरेमा समितिले त्यस्तो आदे शको पालना उल्लङ्घन गर्ने व्यक्तिलाई कारबाही तथा जरिवानाका लागि पोखरा महानगर पालिकाको न्यायिक समितिमा सिफारिश गर्नेछ।

(६) उपदफा (४) वमोजिमको आदेश पालना नगर्ने वा यो ऐन वा यस ऐन बमोजिम बनेको नियम वा मापदण्ड पालना नगरी विज्ञापन गरेको पाइएमा त्यस्तो व्यक्तिलाई स्थानीय न्यायिक समितिले एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(७) उपदफा (१) वमोजिम प्राप्त उजुरीउपर भएको कारवाहीको जानकारी उजुरीकर्ताले नाम ठेगाना उल्लेख गरी दिएको रहेछ भने समितिले उजुरीकर्तालाई दिनुपर्नेछ।

(८) आफ्नो टोल, बस्ती, इलाका वा समुदायमा कुनै व्यक्ति वा संस्थाले अनुमति नलिई विज्ञापन राखेको, निषेधित क्षेत्रमा विज्ञापन गरेको, आफ्नो निजी स्वामित्वको घर जग्गामा सहमति नलिई विज्ञापन राखेको, नवीकरण नगरी होर्डिङ बोर्ड राखेको देखेमा जो कसैले पनि महानगरपालिकामा उजुरी दिन सक्नेछ।

(९) उपदफा (१) बमोजिम उजुरी पर्न आएमा महानगरपालिकाले समिति खटाई आवश्यक जाचबुझ गराई समितिले दिएको प्रतिवेदनको आधारमा यस ऐन र प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नु पर्नेछ।

(१०) उजुरीसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **कसुर र सजायः** (१) कसैले दफा ३, ६ वा ७ विपरीत विज्ञापन गरेको वा संघीय ऐन विपरित कसुर गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।

(२) उपदफा (१) वमोजिम कसूर गर्ने वा गराउने व्यक्तिलाई समितिको सिफारिसमा स्थानीय तहको न्यायीक समितिले कसुरको गम्भीरता अनुसार एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) कसैले विज्ञापन गर्दा संघीय ऐन वा यस ऐन विपरित कसुर हुने काम गरेको पाईएमा त्यस्तो व्यक्तिलाई संघीय ऐन बमोजिम कारवाही गर्नु पर्ने भए सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(४) सञ्चारमाध्यमबाट यस ऐन विपरित कुनै विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण भएकोमा त्यस्तो सञ्चारमाध्यमको सम्पादनसम्बन्धी कार्यभार सम्हाल्ने सम्पादकलाई सोही कारणले मात्र यस ऐन बमोजिम सजाय गरिने छैन। तर सम्पादक नै सञ्चारमाध्यमको

सञ्चालक भएकोमा यस दफा बमोजिम सजाय गर्न वाधा पर्ने छैन ।

२८. **क्षतिपूर्तिसम्वन्धी व्यवस्थाः** (१) कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरित विज्ञापन गरेबाट कसैलाई कुनै किसिमको क्षति भएमा त्यसबाट मर्का पर्ने पक्षले क्षतिपूर्तिका लागि समितिसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा समितिले निवेदन उपर जाँचबुझ गर्दा क्षति पुगेको देखिएमा त्यस्तो निवेदकलाई विज्ञापनकर्ताबाट मनासिव क्षतिपूर्ति भराई दिन सिफारिशसहितको प्रतिवेदन स्थानीय न्यायिक समितिमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) को प्रतिवेदन वमोजिम न्यायिक समितिले मर्का पर्ने पक्षलाई क्षतिपूर्ति भर ाई दिने गरी निर्णय गर्न सक्नेछ।

२९. **पुनरावेदनः** यस ऐन बमोजिम नगरकार्यपालिका, समिति वा न्यायिक समितिले गरेको निर्णयमा चित्त नबुझेमा निर्णय भएको जानकारी पाएको मितिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ।

## परिच्छेद -६
## विविध

३०. **करको दर तथा करको प्रशासन :** (१) यस ऐनमा उल्लेख भए बमोजिम लिइने विज्ञापन कर को दर आर्थिक ऐनमा तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) को अधीनमा रही महानगरपालिकाले संकलन गरेको कर स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दाखिला भएको रकमको अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बामोजिम वाँडफाछँड गर्नुपर्नेछ।

(४) कर वापत संकलित रकमको प्रतिवेदन आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

३१. **विज्ञापनका प्रकारः-** यस ऐन बमोजिम गरिने विज्ञापनका प्रकार यसै ऐनको अनुसूची-३ बमोजिम हुने छ।

३२. **खेलमैदान मेला कार्यक्रम स्थलमा गरिने विज्ञापनः** (१) महानगरपालिकाको क्षेत्रभित्र खेलकुद, ब्यापार-मेला, रमाइलो-मेला लगायत जुनसुकै प्रकारको मेला, महोत्सव सञ्चालन गर्दा त्यसमा गरिने सबै प्रकारको विज्ञापनको लागि आयोजकले महानगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम राखिने विज्ञापनमा आयोजकलाई पूर्व स्वीकृति दिदाँ आर्थिक ऐनमा तोकेको दरमा एकमुष्ट रुपमा कर लिएर मात्र दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम स्वीकृति नलिई मेला महोत्सवमा राखिएका विज्ञापन महानगर पालिकाले जफत गर्नेछ।

३३. **स्काइ साइन (चङ्गा, बेलुन, प्यारासुट) बाट गरिने विज्ञापनः** कसैले स्काइ साइन (चङ्गा,बेलुन, प्यारासुट) जस्ता माध्यमबाट आफ्नो वस्तु, सेवा वा कार्यक्रमको विज्ञापन गर्ने भएमा आर्थिक ऐनमा तोकिए बमोजिम कर बुझाई महानगरपालिकाबाट स्वीकृति लिएर विज्ञापन गर्न सक्नेछन् ।

३४. **प्रतिस्पर्धा गराउन सकिनेः** (१) महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै ठाउँ वा क्षेत्र तोकी विज्ञापन क्षेत्रको लागि सूचना आह्वान गर्न सक्नेछ।

(२) उपदफा (१) को सूचना बमोजिम विज्ञापन गर्न इच्छुक विज्ञापनदाताहरुको छनोटको प्राथमिकता क्रम बढी रकम कवोल गर्ने विज्ञापनदाताबाट शुरु गर्नुपर्नेछ ।

३५. **फरक करको दर तोक्न सक्नेः** महानगरपालिकाले शहरीकरण, व्यापारीक क्षेत्र, जन-चाप हुने क्षेत्र समेतको आधारमा आर्थिक ऐनमा फरक-फरक करको दर निर्धारण गरी तोक्न सक्नेछ।

३६. **विज्ञापन कर नलाग्नेः** (१) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा सार्वजनिक निकायले सार्वजनिक हित अभिवृद्धि गर्ने उद्देश्यले राखेको सूचना तथा सन्देशमुलक विज्ञापनमा कर लाग्ने छैन।

(२) गैर-नाफामूलक संस्थाले सामाजिक चेतना अभिवृद्धि गर्ने उद्देश्यले राखिएका विज्ञापनमा महानगरपालिकाले तोकेको करमा आंशिक वा पुरै छुट दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बामोजिमको सार्वजनिक हित अभिवृद्धि गर्ने विज्ञापन/प्रचार प्रसार गर्दा सार्वजनिक निकाय/गैर-नाफामूलक संस्थाले सो कुरा पुष्टाँई हुने आवशयक कागजात महानगरपालिकामा पेश गर्नुपर्ने छ।

३७. **कर संकलनमा अन्य तहका सरकारको सहयोग लिन सक्नेः** (१) कर चुहावट नियन्त्रण तथा कर संकलनको कार्यलाई आधुनिक सूचना प्रणालीमा आधारित बनाउन आवश्यक प्रणाली निर्माण तथा सञ्चालनको लागि महानगरपालिकाले प्रदेश सरकारसँग सहयोग लिन सक्नेछ।

(२) यस ऐन कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय प्रशासन तथा प्रहरीसँग समन्वय तथा सहयोग लिन सकिनेछ।

३८. **विज्ञापन गरेको मानिनेः** अन्यथा प्रमाणित नभएसम्म महानगरपालिकाको क्षेत्रमा कसैले विज्ञापन आफूखुसी राखी, टासी छोडेको पाइएमा उक्त विज्ञापनमा विज्ञापन गरिएको वस्तु वा सेवाको उत्पादकले विज्ञापन गरेको मानिनेछ।

३९. **विज्ञापन नमानिनेः** (१) कुनै वस्तु तथा सेवा प्रदायकले आफूले प्रदान गर्ने वस्तु तथा सेवाको थोक वा खुद्रा मूल्य खुल्ने गरी राखिएको मूल्यसूची र महानगरपालिकाले तोके बमोजिमको आकारका व्यापार-व्यवसाय वा कार्यालय रहेको स्थानको परिचयपाटीलाई विज्ञापन सामाग्री मानिने छैन।

तर उक्त सूचना पाटिमा कुनै प्रचार प्रसार तथा विज्ञापन गरेमा उक्त परिचयपाटीमा समेत कर लाग्नेछ ।

(२) उपदफा (१) बमोजिमको परिचयपाटी महानगरपालिकामा व्यवसाय दर्ता भएका व्यवसायीले मात्र राख्न पाउने छन् ।एक व्यवसायले एकभन्दा बढी परिचयपाटी राख्न पाउने छैन।परिचयपाटीको आकार महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

(३) एकभन्दा बढी व्यवसाय सञ्चालन गरिने सपिङ कम्प्लेक्स तथा ब्यावसायिक भवनमा छुट्टा छुट्टै परिचयपाटी नराखी एकै स्थानमा एकिकृत रुपमा ठाडो गरी राख्नुपर्नेछ । सुरक्षालाई ख्याल गर्दै परिचयपाटी वा बोर्ड राख्दा घर तथा भवनको कुनै पनि झ्यालढोका नछोपिने गरी राख्नुपर्नेछ ।

४०. **दुरी कायम गर्नुपर्नेः** निजी जग्गामा विज्ञापन बोर्डहरु राख्दा संधियारतर्फ, सडकतर्फ प्रचलित कानूनमा तोकिए बमोजिमको दुरी छोड्नुपर्नेछ ।होर्डिङ बोर्डको उचाई बढीमा ३० फिटसम्मको हुनुपर्नेछ ।

४१. **निजी स्वामित्वको स्थानमा राखिने विज्ञापनमा सहमति हुनुपर्नेः** निजी स्वामित्वको स्थानमा विज्ञापन राख्दा सो स्थानको स्वामित्ववाला वा निजको अधिकार प्राप्त प्रतिनिधिसँग विज्ञापन राख्न सहमति लिनु सम्बन्धित विज्ञापनदाताको दायित्व हुनेछ ।

४२. **परिचय पाटी** : (१) महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले आफ्नो व्यापार वा व्यवसायको पहिचान गराउने, आवश्यक सूचना तथा जानकारी दिने प्रयोजनले त्यस्तो व्यापार व्यवसाय भएको स्थानमा देखिने गरी पेन्टिङ बोर्ड, नियोन, ग्लोसाइन, फ्लेक्स, डिजिटल डिस्प्ले बोर्डमध्ये कुनै माध्यमबाट परिचय पाटी राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको परिचय पाटी हरेक व्यापार वा व्यवसायको लागि एक स्थानमा मात्र राख्न पाइनेछ । यस्तो परिचय पाटी राख्ने स्थान प्राविधिक रूपमा अनुपयुक्त र असुर क्षित देखिएमा समितिले परिचय पाटी राख्ने उपयुक्त स्थान र आकारप्रकार तोकिदिन सक्नेछ । समितिले स्थान र आकारप्रकार तोकिदिएमा सोवमोजिम परिचय पाटी स्थानान्तरण गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

(३) परिचय पाटीको विज्ञापन कर हरेक आर्थिक वर्षको लागि आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) कुनै व्यापार व्यवसायको स्थान जनाउने उद्देश्यले व्यापार व्यवसाय गर्ने स्थानभन्दा अन्य स्थानमा बढीमा तीन स्थानमा र ३/३ वर्ग फिट सम्मको जानकारी दिने व्यहोरा वा सङ्केत जनिने गरी परिचय वा सङ्केत पाटी राखेमा त्यस्तो पाटीलाई बाह्य विज्ञापन मानिनेछ र सो बमोजिमको कर असुल गरिनेछ ।

४३. **विज्ञापन सामाग्री हटाउने तथा मेटाउने दायित्वः** (१) विज्ञापनदाताले महानगरपालिकाबाट लिएको स्वीकृतिको समयावधि समाप्त भए पश्चात आफूले राखेका विज्ञापन हटाउने तथा

मेटाउने दायित्व सम्बन्धित विज्ञापनदाताको हुनेछ।

(२) उपदफा (१) बमोजिम विज्ञापन नहटाएमा महानगरपालिकाले सो विज्ञापन सामाग्री जफत गरी आर्थिक ऐनमा तोकिए बमोजिम जरिवाना असुल गर्नेछ।

४४. **विज्ञापनदाताहरुलाई पुरस्कृत गर्न सकिने:** महानगरपालिकाले वार्षिक रुपमा सबैभन्दा धैरै कर तिर्ने विज्ञापनदाताहरु मध्येबाट उत्कृष्ट करदाता घोषणा गरी पुरस्कृत गर्न सक्नेछ।

४५. **सार्वजनिक हित सम्वन्धी विज्ञापन प्रकाशन वा प्रसारण:** (१) यस महानगरपालिकाले सार्वजनिक हित वा जनहितसम्वन्धी विज्ञापन प्रकाशन वा प्रसारण गर्दा समितिमार्फत स्थानीय कानून वमोजिम अनुमति प्राप्त सञ्चारमाध्यमबाट गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि महानगरपालिका वा अन्तर्गतका कार्यालयले कुनै विज्ञापन तत्काल प्रकाशन गर्नु पर्ने अवस्था भएमा सञ्चारमाध्यममा उपलब्ध गराई प्रकाशन वा प्रसारण गर्न सक्नेछन्। (३) उपदफा (२) बमोजिम विज्ञापन प्रकाशन वा प्रसारण गरिएको भए सोको एक प्रति समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम प्रकाशन वा प्रसारण भएको विज्ञापनको भुक्तानी समितिमार्फत गर्नु पर्नेछ।

(५) सार्वजनिक वा जनहितसम्वन्धी विज्ञापन प्रकाशन वा प्रसारण गर्दा महानगरपालिकाबाट अनुमति लिएका सञ्चारमाध्यमलाई समानुपातिक रुपमा विज्ञापन उपलब्ध गराउनु पर्नेछ।

४६. **निशुल्क वा सहुलियत दरमा विज्ञापन गर्नुपर्ने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद्को समयमा सर्वसाधारणको हित वा जानकारीको लागि प्रवाह गरिने विज्ञापन सञ्चारमाध्यमले निशुल्क वा सहुलियत दरमा प्रकाशन वा प्रसारण गर्नुपर्नेछ।

(२) बाह्य विज्ञापन प्रयोजनको लागि निर्माण भएका होर्डिङ्ग बोर्ड विज्ञापन नभएको बेला खाली राख्न पाईने छैन।

(३) उपदफा (२) बमोजिम खाली हुन आएमा स्थानीय तह, प्रदेश सरकार वा बोर्डले उपलब्ध गराएका सार्वजनिक हित र जनहितका सामग्री राख्नु पर्नेछ।

(४) डिजिटल बोर्डमा कम्तिमा १० प्रतिशत समय सार्वजनिक हित र जनहितका सामग्री प्रदर्शनका लागि निशुल्क उपलब्ध गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमका विज्ञापन स्थानीय तह, प्रदेश सरकार र बोर्डले उपलब्ध गराउनेछ।

४७. **संघीय ऐन वा प्रचलित कानूनको पालना गर्नुपर्ने:** (१) यस ऐन बमोजिम अनुमतिपत्र जारी गर्दा वा विज्ञापन गर्दा वा गराउँदा संघीय ऐन तथा सो अन्तर्गत बनेको नियमावली, आचारसंहिता, मापदण्ड र प्रचलित संघीय कानुनको अधिनमा रही गर्नुपर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले यस ऐन बमोजिम जारी गरेको अनुमतिपत्रमा उपदफा (१) बमोजिमको ऐन, नियमावली वा मापदण्डको व्यवस्था पालना नगरेमा जुनसुकै बखत

अनुमतिपत्र रद्द हुने शर्त स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।

४८. **सूचीकृत हुनुपर्ने:** (१) स्थानीय तहबाट अनुमति प्राप्त सञ्चारमाध्यम वा विज्ञापन एजेन्सी विज्ञापन बोर्डमा सूचीकृत हुनुपर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका विज्ञापन एजेन्सी वा सञ्चारमाध्यम यो ऐन प्रारम्भ भएको मितिले एक बर्षभित्र उपदफा (१) बमोजिम सूचीकृत हुनुपर्नेछ।

४९. **विज्ञापन आचारसंहिता बनाउन सक्ने:** महानगरपालिकाले विज्ञापन सम्बन्धी आचारसंहिता बनाई लागू गर्न सक्नेछ।

५०. **विज्ञापनमा विज्ञापनकर्ताको नाम, ठेगाना तथा चेतावनीमूलक सन्देश उल्लेख गर्नुपर्ने:** विज्ञापन गरिएको वस्तु वा सेवाको प्रयोग गर्दा हुन सक्ने असर वा अवलम्वन गर्नुपर्ने सावधानीको विषयमा विज्ञापनमा चेतावनीमूलक सन्देश समेत उल्लेख गर्नुपर्नेछ।

५१. **जफत गरिएका विज्ञापन सामाग्री सम्बन्धी ब्यवस्था:** (१) यस ऐन बमोजिम महानगर पालिकाले जफत गरेका विज्ञापन सामाग्रीहरु प्रचलित कानून बमोजिम लिलाम गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्रिबाट प्राप्त आय महानगरपालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(३) यस ऐनमा अन्यत्र उल्लेख भए बमोजिम जफत भएको वा विज्ञापन सामाग्री हटाउँदा तथा लागेको खर्च सम्बन्धित स्वामित्वकर्ताबाट असुल उपर गरिनेछ।

५२. **नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि महानगरपालिका नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

५३. **मापदण्ड वा निर्देशिका बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकाले आवश्यक मापदण्ड वा निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

५४. **अनुसूचीमा थपघट तथा हेरफेर:** नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

५५. **खारेजी र बचाउ:** यस अघि महानगरपालिकाबाट भए गरेका विज्ञापन/प्रचार प्रसारपसारका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची १**

**दफा ५ को उपदफा (१) सँग सम्बन्धित**

**निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
पोखरा महानगरपालिकाको कार्यालय।

विषय : बाह्य विज्ञापन/प्रचारप्रसार/होर्डिङ्ग बोर्ड को लागि अनुमति पाउँ ।

पोखरा महानगरपालिकाको वडा नं......., .............. स्थित ........................... को ..................... घर वा जग्गामा विज्ञापन/प्रचारप्रसारको लागि बाह्य विज्ञापन/होर्डिङ्ग बोर्ड राख्ने अनुमितको लागि ..........को विज्ञापन (नियमन गर्ने) ऐन, २०८२ को दफा ५ को उपदफा (१) बमोजिम देहायको आकार प्रकारको, वस्तु/सेवाको प्रचारप्रसार विज्ञापन/होर्डिङ्ग बोर्ड राख्न वा संरचना निर्माणको लागि देहायका कागजातहरु संलग्न गरी यो निवेदन गरेको छु। होर्डिङ्ग बोर्ड राख्न वा संरचना निर्माण गर्न तथा उक्त बोर्डमा बाह्य विज्ञापन राख्न अनुमति पाउँ ।

**विवरणः**

(क) वस्तु/सेवाको प्रचारप्रसार विज्ञापन/होर्डिङ्ग बोर्ड वा संरचना निर्माण हुने घर तथा जग्गा धनीको नाम :-.............................

(ख) वस्तु/सेवाको प्रचारप्रसार विज्ञापन/होर्डिङ बोर्ड वा संरचना निर्माण गर्न प्रस्ताव गरेको स्थानः- वडा नं ......... स्थानः........ घर नं. .............. .................मार्ग/पथ/सडक...........

(ग) वस्तु/सेवाको प्रचारप्रसार विज्ञापन/होर्डिङ बोर्ड वा संरचना निर्माण गर्न प्रस्ताव गरेको स्थानको स्वामित्वः निजी / सार्वजनिक

(घ) वस्तु/सेवाको प्रचारप्रसार विज्ञापन/होर्डिङ बोर्ड वा संरचना राख्न चाहेको अवधिः ....................... देखि .................... सम्म

(ङ) वस्तु/सेवाको प्रचारप्रसार विज्ञापन/होर्डिङ्ग बोर्ड वा संरचनाको आकार प्रकार र बनौटः-

(अ) वस्तु/सेवाको प्रचारप्रसार विज्ञापन/होर्डिंङ्ग बोर्ड वा संरचनाको प्रकारः-

(आ) आकारः-....... लम्बाई....... चौडाई.......वर्गफिट

(इ) बनौटः

उपर्युक्त व्यहोरा ठिक साँचो छाभुठा ठहरे कानून बमोजिम सहूँला बुझाँउला।

भवदीय
नामथरः
पदः
संस्थाको नाम/ठेगानाः
मितिः
संस्थाको छापः

अनुसूची-२

(**दफा ५ को उपदफा** (३) **सँग सम्बन्धित**)

(**अनुमती पत्रको ढाँचा**)

दर्ता मितिः

अनुमतीपत्र नं.:

......................जिल्ला.......................पोखरा........... महानगर पालिकाको वडा नं. ....... मार्ग .......... घर नं......... ठेगाना भएको तपाई श्री.................................................लाई ....................... ......पोखरा महानगरपालिकाको वडा नं. ....... टोलपोखरा.मार्गपोखरा मा अवस्थित श्री ...........को भवन /जग्गामा............वस्तु/सेवाको विज्ञापन गर्न देहायको शर्त पालना गर्नेगरी विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८२ को दफा ५ को उपदफा (३) बमोजिम यो अनुमतीपत्र प्रदान गरिएको छ।

जारी गर्ने अधिकृत

हस्ताक्षरः

नामः

पदः

**शर्तहरुः**

१. वस्तु/सेवाको प्रचारप्रसार विज्ञापन/होर्डिङ्ग बोर्ड को आकारः लम्वाई........चौडाई......... उचाई...........को हुनेछ।

२. अनुमतीपत्र प्राप्त व्यक्ति/संस्थाले विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८२ मा उल्लिखित मापदण्ड भित्र रहेर मात्र विज्ञापन गर्न/राख्न पाउनेछ ।

३. विज्ञापन अनुमतिपत्रको अवधिः ..........देखि ................. सम्म

४. स्वीकृत विज्ञापन बाहेक फरक विज्ञापन राख्नु परेमा वा स्थान परिवर्तन गर्नु परेमा अनुमतीपत्र प्राप्त व्यक्ति/संस्थाले विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८२ को दफा १३ बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ।

५. अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले "विज्ञापन कर (व्यवस्थापन तथा नियमन), ऐन २०८२" को प्रावधान उल्लङ्घन गरेमा महानगरपालिकाले विज्ञापन हटाउन लिखित निर्देशन दिन सक्नेछ। सो निर्देशनको पालना गरी अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले सो स्थानबाट विज्ञापन हटाउनु पर्नेछ ।

६. वस्तु/सेवाको प्रचारप्रसार विज्ञापन/होर्डिङ्ग बोर्ड प्राविधिक दृष्टिले समेत सुरक्षित ढंगले निर्माण तथा राख्ने प्रबन्ध गर्नुपर्नेछ ।

७. वस्तु/सेवाको प्रचारप्रसार विज्ञापन/होर्डिङ्ग बोर्ड को कारणबाट हुने हानी नोक्सानीको पूर्ण जिम्मेवार विज्ञापन स्वामित्वकर्ताको हुनेछ।

८. स्वीकृति प्राप्त गरी विज्ञापन राखि सकेपछि विज्ञापन करको दरमा हेरफेर भएमा सोही अनुसार कर बुझाउनु पर्नेछ।

९. अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले होर्डिङ बोर्डको दर्ता नम्वर बोर्डमै देखिने गरी माथिल्लो भागमा राख्नु पर्नेछ।

१०. वस्तु/सेवाको प्रचारप्रसार विज्ञापन/होर्डिङ्ग बोर्ड को स्वामित्वकर्ताले नयाँ आर्थिक वर्ष शुरु भएको मितिले ३५ दिनभित्र नवीकरण गरिसक्नु पर्नेछ।

## अनुसूची-३

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**महानगरपालिकाले उठाउने विज्ञापन कर प्रयोजनको लागि तोकिएको विज्ञापनको प्रकृति र मापन एकाई**

| सि.नं. | विज्ञापनको प्रकृति | मापन गरिने एकाई | कैफियत |
|---|---|---|---|
| १. | होर्डिङ बोर्डबाट गरिने विज्ञापन<br>१. फ्लेक्स प्रिन्ट<br>२. साइनबोर्ड जस्ता/मेटल<br>३. होर्डिङ बोर्ड (धातुको फ्रेम)<br>४. डिजिटल डिस्प्ले<br>५. चलदृश्य बोर्ड<br>६. एल.सी.डी. बोर्ड<br>७. लिड बोर्ड<br>८. रोलर बोर्ड<br>९. ग्लो साइन बोर्ड<br>१०. नियोन साइन बोर्ड<br>११. प्रोजेक्टर<br>१२. स्टल डिस्प्ले<br>१३. टु. डि. र थ्री.डि. डिस्प्ले बोर्ड<br>१४. ट्राइ भिजन बोर्ड<br>१५. स्कोलर बोर्ड<br>१६. चलचित्र बोर्ड<br>१७. अन्य | वर्गफुट, प्रयोग हुने दिन, राखिने स्थान, विज्ञापनको प्रकृति | |

| | | | |
|---|---|---|---|
| २. | स्काइ साइन विज्ञापन<br>१.चङ्गा<br>२. बेलुन<br>३. प्यारासुट<br>४. अन्य | थान, दिन, पटक, प्रकृति | |
| ३. | सञ्चार माध्यमबाट हुने विज्ञापन | वील बमोजिमको रकमको तोकेको प्रतिशत | |
| ४. | ब्यानर (हस्त लिखित वा प्रिन्ट गरिएको)<br>१.रोडक्रस ब्यानर<br>२. ओभरहेड व्रिजमा राखिने<br>३. सवारी साधनमा राखिने<br>४. गेटमा राखिने ब्यानर<br>५. अन्य | वर्गफुट, दिन, लम्वाई, स्थान, आकृति | |
| ५. | सवारी साधनद्वारा गरिने विज्ञापन<br>१.मोटरसाइकल, स्कुटर जस्ता दुई पाङग्रे<br>२. अटो रिक्सा, विद्युतीय रिक्सा, टेम्पो<br>३.कार, जीप, डेलिभरी भ्यान, केवुल कार<br>४. बस, ट्रक, ट्रिपर | सार्वजनिक सवारी वा निजी सवारी,<br>ब्यानर वा स्टीकर, अस्थायी वा स्थायी पेन्टिङ, एक साइड वा दुई साइड, सवारीको प्रकृति | |
| ६. | मेला, खेलकुद कार्यक्रम, ब्यापार मेला वा सांस्कृतिक प्रदर्शनी अन्य कार्यक्रम | आयोजक वा सञ्चालकबाट एकमुष्ठ वा विज्ञापनको प्रकृति अनुसार वर्ग फुट , अवधि, स्थान | |
| ७. | ट्राफिक आइल्याड | वर्गफुट, स्थान, प्रकृति | |
| ८. | स्टल/स्टेज विज्ञापन | अवधि, विज्ञापनको प्रकृति, वर्गफुट | |

## अनुसूची-४

**(दफा १३ को उपदफा (१) सगँ सम्बन्धित)**

पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय राजस्व महाशाखा

**होर्डिङ बोर्ड दर्ता किताव**

होर्डिङ बोर्ड दर्ता नं. (वडा/द.नं./साल)पोखरा......

१. होर्डिङ बोर्ड रहने घर तथा जग्गा धनीको नामः-

२. होर्डिङ बोर्ड रहने स्थानः- .........वडा.......घर नं.........टोल, मार्ग/पोखरा.......

३. सार्वजनिक/ पर्ति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नामः-

४. होर्डिङ बोर्ड को आकार, प्रकार र वनौटः-

क) आकारः-पोखरालम्वाई..........चौडाई..........वर्गफिट

ख) होर्डिङ बोर्ड को प्रकारः- होर्डिङ बोर्ड/साइन बोर्ड/ग्लो बोर्ड/त्रिभिजन बोर्ड.......अनुसूची बमोजिमका अन्य

ग) बनौटः-

घ) होर्डिङ बोर्ड रहने अवधिः पोखरापोखरा देखि पोखरा........ सम्म

५. होर्डिङ बोर्डको स्वामित्वकर्ताको नाम,थर र ठेगानाः-

६. होर्डिङ बोर्ड को स्वामित्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरणः-

| क्र.सं. | साविकवालाको नाम,थर र ठेगाना | हालवालाको नाम,थर र ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |
| | | | |

**७. दर्ता नवीकरणको अध्यावधिक तालिका**

| नवीकरण मिति | विज्ञापन विवरण | विज्ञापन सम्बद्ध व्यक्ति/कम्पनी/फर्म/एजेन्सीको नाम | कर असुल भएको अवधि | कर असुली रकम | दर्ता नं. | अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसूची–५**

**(दफा १३ को उपमहादफा (१) सँग सम्बन्धित)**

**पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय राजस्व महाशाखा**

**होर्डिङ बोर्ड दर्ता प्रमाण–पत्र**

(मुख पृष्ठ)

दर्ता मितिः.......

प्रमाणपत्र नं...........

पोखरा महानगरपालिकाको वडा नं......... मार्ग..........घर नं......... बस्ने श्री ............लाई विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८२ को दफा ....... बमोजिम समय समयमा यस पोखरा महानगरपालिकाबाट जारी गरिने आदेश, निर्देशन, सूचनाको पालना गर्ने गरी निम्नानुसारको होर्डिङ बोर्ड राख्न यो प्रमाण-पत्र दिइएको छ।

**होर्डिङ बोर्डको विवरणः**

१. होर्डिङ बोर्ड रहने घर तथा जग्गा धनीको नामः

२. होर्डिङ बोर्ड रहने स्थानः........वडा........घर नं.......मार्ग/पथ/सडक.......

३. सार्वजनिक/पर्ति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नामः

४. होर्डिङ बोर्डको आकार, प्रकार र वनौटः

क) आकारः.......लम्वाई..........चौडाई.........वर्गफिट

ख) होर्डिङ बोर्डको प्रकारः अनुसूची-३ बमोजिमको प्रकार उल्लेख गर्ने।

ग) वनौटः

घ) होर्डिङ बोर्ड रहने अवधिः .......... देखि .................. सम्म

५. होर्डिङ बोर्ड स्वामित्वकर्ता/संस्था/एजेन्सीको नाम थरः

६. होर्डिङ बोर्ड स्वामित्वकर्ता वा अधिकार प्राप्त व्यक्तिको ठेगानाः

७. होर्डिङ बोर्डको स्वामित्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरणः-

| क्र.सं. | साविकवालाको नाम,थर र ठेगाना | हालवालाको नाम,थर र ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |
| | | | |

.......................

होर्डिङ बोर्ड स्वामित्वकर्ताको हस्ताक्षर

...................

अधिकृतको हस्ताक्षर

**शर्तहरु:**

१. होर्डिङ वोर्डको स्वामित्वकर्ताले आर्थिक वर्ष शुरु भएको मितिले ३५ दिनभित्र नवीकरण गरिसक्नु पर्नेछ।

२. होर्डिङ बोर्डको स्वामित्व तथा स्थान परिवर्तन गर्नुपरेमा महानगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ।

३. विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८२ मा उल्लिखित मापदण्ड भित्र रहेर मात्र विज्ञापन गर्न/राख्न पाउनेछ।

४. होर्डिङ बोर्ड प्राविधिक दृष्टिले समेत सुरक्षित ढंगले निर्माण तथा राख्ने प्रबन्ध गर्नुपर्नेछ।

५. होर्डिङ बोर्डको कारणबाट हुने हानी नोक्सानीको पूर्ण जिम्मेवार विज्ञापन स्वामित्वकर्ताको हुनेछ।

६. होर्डिङ बोर्डको दर्ता नम्वर बोर्डमै देखिने गरी माथिल्लो भागमा राख्नु पर्नेछ।

७. होर्डिङ बोर्ड हटाउनु परेमा लाग्ने कर दस्तुर तिरी महानगरपालिकाबाट पूर्व स्वीकृति लिई हटाउन सकिनेछ।

**पछिल्लो पृष्ठ**

**होर्डिङ बोर्ड दर्ता नवीकरण तालिका**

| नवीकरण मिति | विज्ञापन विवरण | विज्ञापन सम्बद्ध व्यक्ति/कम्पनी/फर्म/एजेन्सीको नाम | कर असुल भएको अवधि | कर असुली रकम | दर्ता नं. | अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**प्रमाणिकरण मिति**

२०८२।१०।२९

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**